# प्रस्तावित सामूहिक लगानी कोष नीति, २०८३

## परामर्शका लागि सारांशपत्र तथा सुझाव/प्रतिक्रिया मागसम्बन्धी प्रश्नावली

नेपाल धितोपत्र बोर्डले सामूहिक लगानी कोषको स्थापना, सञ्चालन, नियमन तथा सुपरिवेक्षणलाई व्यवस्थित, पारदर्शी, प्रतिस्पर्धी र लगानीकर्तामैत्री बनाउन तयार गरेको "सामूहिक लगानी कोष नीति, २०८३ को मस्यौदा" सम्बन्धमा सरोकारवालाबाट सुझाव तथा प्रतिक्रिया माग गर्ने प्रयोजनका लागि यो सारांशपत्र र प्रश्नावली तयार गरिएको हो।

## १. नीतिको संक्षिप्त सार

- **उद्देश्यः** सर्वसाधारणको बचतलाई व्यावसायिक व्यवस्थापनमार्फत विविधीकृत तथा उत्पादनशील लगानीमा परिचालन गर्ने, लगानीकर्ता हित संरक्षणलाई सुदृढ गर्ने र संस्थागत लगानीकर्ताको विकास गर्ने।
- **संस्थागत संरचनाः** कोष प्रवर्द्धक, योजना व्यवस्थापक, ट्रष्टी/सुपरिवेक्षक, डिपोजिटरी/कस्टोडियन, रजिष्ट्रार/ट्रान्सफर एजेन्ट तथा वितरकको भूमिका, उत्तरदायित्व र स्वार्थको द्वन्द्व व्यवस्थापन स्पष्ट गर्ने।
- **योजनाको विविधीकरणः** खुलामुखी तथा बन्दमुखी योजनासँगै इक्विटी, ऋणपत्र, मुद्रा बजार, हाइब्रिड, इन्डेक्स फण्ड, ETFs, पूर्वाधार, हरित/दिगो फण्ड, SME फण्ड तथा REITs जस्ता योजनाको विकास गर्ने।
- **खुलामुखी योजनालाई प्राथमिकताः** नियमित इकाई खरिद/पुनःखरिद, अनलाइन सेवा, नियमित खुद सम्पत्ति विवरण (NAV) प्रकाशन, तरलता व्यवस्थापन तथा SIP, SWP, STP, लाभांश पुनःलगानी जस्ता सुविधा विस्तार गर्ने।
- **लगानी र मूल्याङ्कनः** लगानी विविधीकरण, एकल निष्काशकर्ता/क्षेत्र/उपकरणमा केन्द्रित जोखिम नियन्त्रण, निष्पक्ष NAV निर्धारण, स्वतन्त्र मूल्याङ्कन तथा शुल्क र खर्चको पारदर्शिता कायम गर्ने।
- **लगानीकर्ता हित संरक्षण र सुशासनः** जोखिम, शुल्क, खर्च अनुपात, पोर्टफोलियो, बेन्चमार्क, विगतको कार्यसम्पादन र पुनःखरिदका शर्त सार्वजनिक गर्ने; गुनासो सुनुवाइ, लगानीकर्ता बीच समान व्यवहार र स्वार्थको द्वन्द्व नियन्त्रण गर्ने।
- **जोखिम, प्रविधि र सुपरिवेक्षणः** तरलता तथा अन्य जोखिमको मापन, दबाब परीक्षण, डिजिटल वितरण, साइबर सुरक्षा, जोखिम तथा प्रविधिमा आधारित सुपरिवेक्षण र नियम परिपालनाको स्तरअनुसार सुधारात्मक कारबाही लागू गर्ने।
- **चरणबद्ध कार्यान्वयनः** पहिलो १२ महिनामा आधारभूत सुधार, १२—२४ महिनामा ऋणपत्र/मुद्रा बजार तथा इन्डेक्स फण्ड विस्तार, २४—३६ महिनामा ETF तथा विशिष्टीकृत कोष र त्यसपछि अन्य योजना तथा नियामकीय प्रविधि विकास गर्ने।

## २. परामर्शका लागि सुझाव दिन सकिने प्रमुख प्रश्नहरू

कृपया तलका प्रश्नहरूमा आफ्नो संस्थाको/व्यक्तिगत अनुभव, तथ्याङ्क, व्यावहारिक कठिनाइ र सम्भव भएसम्म ठोस विकल्पसहित सुझाव दिनुहोस्। सबै प्रश्नमा जवाफ दिन अनिवार्य छैन।

### क. नीतिको समग्र दिशा र प्राथमिकता

१. नीतिले पहिचान गरेका उद्देश्य, समस्या र सुधारका क्षेत्र पर्याप्त छन्? छुटेका विषय भए उल्लेख गर्नुहोस्।

२. प्रस्तावित सुधारमध्ये तत्काल प्राथमिकतामा राख्नुपर्ने विषयहरु कुन-कुन हुन्? कारणसहित उल्लेख गर्नुहोस्।

## ख. संस्थागत संरचना, अनुमति तथा क्षमता

३. कोष प्रवर्द्धक, योजना व्यवस्थापक, ट्रष्टी/सुपरिवेक्षक, कस्टोडियन, रजिष्ट्रार/ट्रान्सफर एजेन्ट र वितरकका भूमिका तथा उत्तरदायित्व स्पष्ट र व्यावहारिक छन्? दोहोरोपन वा जिम्मेवारीको अन्तर कहाँ छ?

४. योजना व्यवस्थापकको न्यूनतम चुक्ता पुँजी/खुद सम्पत्ति, जनशक्ति, प्रविधि, जोखिम व्यवस्थापन र व्यवसाय निरन्तरता सम्बन्धी योग्यता निर्धारण गर्दा कुन मापदण्ड उपयुक्त हुन्छ?

५. ट्रष्टी/सुपरिवेक्षक र कस्टोडियनको स्वतन्त्रता तथा योजनाको सम्पत्ति व्यवस्थापक/प्रवर्द्धकको सम्पत्तिबाट पृथकीकरण सुनिश्चित गर्न थप के व्यवस्था आवश्यक छ?

## ग. योजनाको विविधीकरण र खुलामुखी कोष

६. खुलामुखी योजनालाई प्राथमिकता दिने प्रस्ताव नेपालको बजार र उपलब्ध पूर्वाधारका दृष्टिले उपयुक्त छ? प्रभावकारी कार्यान्वयनका पूर्वशर्त के हुन सक्छन्?

७. ETFs, इन्डेक्स फण्ड, ऋणपत्र तथा मुद्रा बजार फण्ड, पूर्वाधार/हरित फण्ड, SME फण्ड र REITs मध्ये कुन योजना पहिले विकास गर्न उपयुक्त हुन्छ? किन?

८. खुलामुखी योजनामा इकाई खरिद/पुनःखरिद, पुनःखरिद अवधि, तरलता बफर र असामान्य बजारमा Redemption Gate/Suspension जस्ता उपाय पर्याप्त छन्? थप सुरक्षा आवश्यक छ?

९. SIP, Dividend Re-investment Plan, Systematic Transfer Plan र Systematic Withdrawal Plan विस्तार गर्न कुन कानुनी, प्राविधिक वा वितरणसम्बन्धी व्यवस्था आवश्यक पर्छ?

## घ. लगानी सीमा, मूल्याङ्कन र तरलता

१०. लगानी विविधीकरण तथा एकल निष्काशकर्ता, समूह, क्षेत्र, उपकरण र सम्बन्धित पक्षमा लगानीको सीमा निर्धारणका लागि कुन सिद्धान्त वा मापदण्ड उपयुक्त हुन्छ?

११. सूचीकृत नभएका, कारोबार स्थगित भएका वा बजार मूल्य उपलब्ध नभएका धितोपत्रको निष्पक्ष मूल्याङ्कन गर्न प्रस्तावित व्यवस्था पर्याप्त छ? स्वतन्त्र मूल्याङ्कनका लागि थप के मापदण्ड चाहिन्छ?

१३. तरलता जोखिम व्यवस्थापन, दबाब परीक्षण, आकस्मिक कोष तथा पुनःखरिद माग व्यवस्थापनका लागि कुन न्यूनतम सूचक वा परीक्षण परिदृश्य तोक्नु उपयुक्त हुन्छ?

## ङ. लगानीकर्ता संरक्षण, शुल्क र सुशासन

१४. जोखिम, शुल्क, खर्च अनुपात, बेन्चमार्क, कार्यसम्पादन र पोर्टफोलियोसम्बन्धी प्रस्तावित विवरण सार्वजनिक गर्ने व्यवस्था पर्याप्त र बुझ्न सजिलो छ? थप कुन सूचना दिनुपर्छ?

१५. व्यवस्थापन शुल्कलाई कार्यसम्पादनसँग आबद्ध गर्ने, कुल खर्च अनुपातको सीमा तोक्ने र Performance Fee मा Benchmark, Hurdle Rate तथा High-water Mark लागू गर्ने प्रस्ताव कत्तिको उपयुक्त छ?

१६. स्वार्थको द्वन्द्व, सम्बन्धित पक्ष कारोबार तथा कर्मचारीको व्यक्तिगत लगानी नियन्त्रण गर्न कुन अतिरिक्त व्यवस्था आवश्यक छ?

१७. इकाईधनीको गुनासो समाधान, समान व्यवहार, विज्ञापनमा निष्पक्षता र निश्चित प्रतिफलको भ्रामक दाबी रोक्न प्रस्तावित व्यवस्था पर्याप्त छन्?

### च. डिजिटल प्रणाली, जोखिम र सुपरिवेक्षण

१८. अनलाइन खाता, Digital KYC, e-Payment, अनलाइन इकाई खरिद/पुनःखरिद तथा डिजिटल राफसाफका लागि आवश्यक पूर्वाधार र कार्यान्वयनका चुनौती के हुन्?

१९. बजार, कर्जा, तरलता, सञ्चालन, केन्द्रिकृत लगानी र साइबर जोखिमका लागि कुन प्रमुख सूचक, सीमा र रिपोर्टिङ व्यवस्था तोक्नु उपयुक्त हुन्छ?

२०. जोखिममा आधारित तथा प्रविधिमा आधारित सुपरिवेक्षणका लागि बोर्डले प्राथमिकतामा राख्नुपर्ने तथ्याङ्क, स्वचालित चेतावनी र प्रतिवेदनका विषय के हुन्?

२१. उल्लङ्घनको गम्भीरताअनुसार चेतावनीदेखि अनुमति खारेजीसम्मका प्रस्तावित कारबाही पर्याप्त र समानुपातिक छन्? सुधार आवश्यक भए उल्लेख गर्नुहोस्।

### छ. कार्यान्वयन, संक्रमणकालीन व्यवस्था र अन्य सुझाव

२२. नीतिमा प्रस्तावित ०—१२, १२—२४, २४—३६ महिना तथा ३६ महिनापछिको कार्यान्वयन चरण यथार्थपरक छन्? कुन सुधारको समयसीमा परिवर्तन गर्नुपर्छ?

२३. हाल सञ्चालनमा रहेका योजनालाई नयाँ सुशासन, विवरण प्रकाशन, मूल्याङ्कन, जोखिम र तरलता मापदण्डअनुसार रूपान्तरण गर्न कति संक्रमण अवधि आवश्यक हुन्छ? आधारसहित सुझाव दिनुहोस्।

२४. नीति कार्यान्वयनका लागि प्राथमिकताका साथ तयार गर्नुपर्ने नियमावली, निर्देशिका वा मापदण्ड कुन-कुन हुन्?

२५. नीतिमा समेट्नुपर्ने अन्य विषय, कानुनी संशोधन, अन्तर्राष्ट्रिय असल अभ्यास वा कार्यान्वयनसम्बन्धी ठोस सुझाव भए उल्लेख गर्नुहोस्।

## ३. सुझाव पठाउँदा उल्लेख गर्न अनुरोध

- सुझाव दिने संस्था/व्यक्तिको नाम र सम्पर्क विवरण (ऐच्छिक)।
- सम्बन्धित प्रश्नको क्रम संख्या वा नीतिको दफा/उपदफा।
- प्रस्तावित संशोधन वा वैकल्पिक व्यवस्था र त्यसको औचित्य।
- सम्भव भएसम्म तथ्याङ्क, लागत/लाभ, कार्यान्वयनको समयसीमा तथा अन्य देशको अभ्याससम्बन्धी आधार।
- सुझावसँग सम्बन्धित थप कागजात वा अध्ययन भए संलग्न गर्ने।

***